मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २, संख्याः ५, प्रकाशन मितिः २०७६।१०।२६

**भाग -२**

**मध्यनेपाल नगरपालिका,**
**“घ” वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधी, २०७५**

**प्रमाणिकरण मिति २०७५।०६।१५**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को उपखण्ड (१०) अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र जारी, नविकरण तथा खारेजी संग सम्वन्धित कार्य नगरपालिकाबाटनै गर्नुपर्ने भएको र सो इजाजत पत्रलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले मध्यनेपाल नगर कार्यपालिकाले यो कार्यविधी जारी गरेकोछ ।

**परिच्छेद-१**
**संक्षिप्त नाम र प्रराम्भ**

१. **संक्षिप्त नाम र प्रराम्भ :** (१) यस कार्यविधी को नाम "घ वर्ग निमार्ण व्यवसायी इजाजत पत्र कार्यविधी, २०७५" रहेको छ ।
(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा:
(क) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा मध्यनेपाल नगरपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई सम्झाउँछ ।
(ख) “निर्माण व्यवसायी” भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ ।
(ग) “इजाजतपत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद ३ सँग सम्वन्धित इजाजतपत्र सम्झनु पर्दछ ।
(घ) “कार्यपालिका” भन्नाले मध्यनेपाल नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।
(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
(च) “समिति” भन्नाले यस कार्यविधीको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।
(छ) “नगर प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।
(ज) “कोष” भन्नाले निर्माण व्यवसायी कोषलाई सम्झनु पर्दछ ।
(झ) “ऐन तथा नियमावली” भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनु पर्दछ ।

**परिच्छेद-२**
**इजाजत पत्रको नीति र समिति सम्बन्धी व्यवस्था**

३. **सार्बजनिक निर्माण समिति:** निमार्ण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक नीति तयार गर्न देहाय बमोजिमको सार्वजनिक निमार्ण समिति रहनेछ ।
(क) नगरपालिकाको नगर प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ग) योजना अधिकृत वा योजना शाखा प्रमुख -सदस्य
(घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख -सदस्य
(ङ) प्राविधिक तथा निमार्ण शाखा प्रमुख वा निजले तोकेको प्राविधिक -सदस्य सचिव

४. **समितिको बैठिक सम्बन्धी व्यवस्था:** समितिको बैठिक सम्बन्धी व्यवस्था समिति आफैले निधारण गरेको कार्यविधि बमोजिम हुनेछ।

५. **कार्यान्वयन समिति:** निमार्ण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा मध्यनेपाल नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउन र छानविन गरी कार्यन्वयन गर्न एक कार्यान्वयन समितिको गठन हुनेछ।
(क) प्राविधिक शाखा तथा निमार्ण शाखाका प्रमुख -अध्यक्ष
(ख) नगरप्रमुखले तोकेको प्राविधिक -सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी -सदस्य सचिव
समितिको बैठकमा निर्माण व्यवसायी महासंघ तथा उद्योग वाणिज्य संघबाट तोकिएको व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

६. **बैठकको कार्यविधि:** समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-३
## इजाजत पत्र सम्बन्धी व्यवस्था

७. **इजाजत पत्रको लागि दरखास्त दिनु पर्ने** : सार्वजनिक निमार्ण कार्य गर्न चाहने निमार्ण व्यवसायीले अनुसुची - १ बमोजिमको ढाचामा निमार्ण कार्य गर्न इजाजत पत्रको लागि दफा ५ अनुसार गठित समिति समक्ष दरखास्त दिनु पर्नेछ।

८. दरखास्त जाँचबुझ गर्नु पर्ने : (१) दफा ७ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निमार्ण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरण संग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निमार्ण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ।

९. **इजाजत पत्र दिन सिफारिस गर्ने** : दफा ८ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निमार्ण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा समितिले दरखास्त परेको मितिले तिस दिन भित्र नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्नेछ।

१०. **इजाजतपत्र दिनु पर्ने** : (१) दफा ९ बमोजिम समितिबाट सिफारिस भई आए पछि त्यस्तो सिफारिस भई आएको मितिले पन्ध्र दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित दरखास्तवाला संग इजाजत पत्र वापत नगरपालिकाको नगर सभाबाट स्विकृत अर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई निजलाई अनुसुची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा १ वमोजिम दिइएको इजाजतपत्रको अभिलेख अनुसुची-३ बमोजिमको ढाँचामा अधावधिक गराई राख्नु पर्नेछ।

११. **इजाजतपत्रको नविकरण सम्बन्धी व्यवस्था:** (१) दफा १० को उपदफा १ बमोजिम प्रदान गरिएको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ।
(२) उपदफा १ बमोजिम इजाजतपत्रको अवधी समाप्त भएको प्रत्येक निमार्ण व्यवसायीले इजाजतपत्रको अवधी समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको दस्तुर संलग्न राखी अनुसुची-४ बमोजिमको ढाँचामा नविकरणको लागि दरखास्त दिनु पर्नेछ।
(३) उपदफा २ बमोजिम इजाजतपत्र नविकरणको दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ।
(४) उपदफा २ बमोजिम म्याद भित्र इजाजतपत्र नविकरण गराउन नसक्ने निमार्ण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नविकरण गराउन चाहेमा नविकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिनु पर्नेछ।
(५) उपदफा ४ बमोजिम दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ।

१२. **दर्ता किताब:** (१) समितिले यस कार्यविधी बमोजिम प्रदान गरिएको इजाजतपत्र अनुसुची-५ बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अधावधीक बनाई राख्नुपर्नेछ।
(२) उपदफा १ बमोजिमको दर्ता किताबमा यो कार्यविधी प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम प्रदान गरिएका इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाइ राख्नु पर्नेछ।

## परिच्छेद-४
## घ वर्ग निमार्ण व्यवसायी र दायित्व

१३. **निर्माण ब्यबसायीको योग्यता:** (१) अनुसुची-६ बमोजिमको योग्यता हुनेलाई घ वर्गको निमार्ण व्यवसायी भनिनेछ।
(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधी प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त निमार्ण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वत: वर्गिकृत भएको मानिनेछ।

१४. **सार्वजनिक निमार्ण कार्यको विवरण पेश गर्ने दायित्व :**
(१) निमार्ण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाण पत्र प्राप्त गरेको पैतिस दिन भित्र अनुसुची - ७ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु सम्बन्धित निमार्ण व्यवसायीको दायित्व हुनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि सम्बन्धित निमार्ण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक

निमार्ण कार्यको एक प्रति विवरण सम्बन्धित कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

(३) समितिले उपदफा १ बमोजिम प्राप्त विवरणको अभिलेख अनुसुची-८ बमोजिम राख्नु पर्नेछ ।

१५. **निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार** : निमार्ण व्यवसाय नियमावली २०५६ को नियम १० बमोजिम वर्गीकृत निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

१६. **सहुलियतमा पैठारी गरिएका सामानको विवरण पेश गर्नु पर्ने** : द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निमार्ण कार्यको लागि प्रंचलित कानुन बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी वा विदेशी निमार्ण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरण को विवरण अनुसुची - ९ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

१७.**कोषमा बुझाउनु पर्ने दस्तुर**: निमार्ण व्यवसाय ऐन, २०५५ को दफा १७ को उपदफा २ को खण्ड -ख) को प्रयोजनको लागि निमार्ण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.२० (सुन्य दशमलव दुई सुन्य ) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्नेछ ।

१८. **इजाजतपत्रको प्रतिलिपि दस्तुर**: कुनै निमार्ण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनको लागि तोकिएको दस्तुर दाखिला गर्नु पर्नेछ ।

१९.**बाधा अड्काउ फुकाउने** : यस कार्यविधिमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२०. **बचाउ तथा खारेजी**: यस कार्यविधीमा भएको कुनै प्रावधान नेपालको संविधान अनुसारको प्रचलित ऐन, नियमावली र प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसुची - १
(दफा ७ सँग सम्वन्धित )
ईजाजतपत्रको लागि दिईर्नने दरखास्त

विषय : इजाजतपत्र पाऊँ भन्ने बारे ।

श्री कार्यान्वयन समिति
मध्यनेपाल नगर कार्यपालिकाको कार्यालय ,
भोर्लेटार, लमजुङ ।

मध्यनेपाल नगरपालिका, घ वर्ग निमार्ण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७५ को दफा ७ निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेशगरिएको छ :-

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-**

नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. :- फ्याक्स नं.:- ईमेल :-

**२. फर्म वा कम्पनीको प्रकृति**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-**

नाम थर :-
ठेगाना :- पोष्ट बक्स :-
टेलिफोन :- फ्याक्स :- ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं. :- दर्ता मिति :-
अधिकृत पूँजी :- जारी पूँजी :-
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-**

**६. समूहीकरण हुन चाहेको समूह :-**

**७. आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तीय संस्था । बैंकको नाम | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |
| स्थायी ओभरड्राफ्ट | | | |
| मुद्दती खाता | | | |
| चल्ती खाता | | | |
| बचत खाता | | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
(ग) अन्य :-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी ट्याङकी तथा ढल निर्माण, पाईप बिछ्याउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) निर्माण तथा मर्मत संभार | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | | |
| ९ | अन्य | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :-**

क.
ख.
ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

अनुसुची - २
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

**<u>इजाजतपत्र</u>**

ईजाजतपत्र नं.....................                                        मिति :-

मध्यनेपाल नगरपालिका, घ वर्ग निमार्ण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७५ को दफा १० बमोजिम निर्माण व्यवसाय गर्न ........................................................ स्थित कार्यालय भएको ...................................... कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

**घ वर्ग**

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

पद :-

मिति :-

कार्यालय :-

नवीकरण

| नवीकरण<br>गर्ने<br>अधिकारी | नवीकरण<br>गरेको<br>मिति | नवीकरण<br>बहाल रहने<br>अवधि | नवीकरण<br>दस्तूर भौचर<br>नं. र मिति | | नवीकरण ग<br>अधिकारीको<br>दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची-३

(दफा १० को उपदफा २ सँग सम्बन्धित)

**ईजाजतपत्र अभिलेख**

ईजाजतपत्रको क्रम संख्या :-

(अनुसूची-२ मा उल्लिखित क.सं. उल्लेख गर्ने)

खण्ड क

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-**

(क) नाम :-

(ख) ठेगाना :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-**

(क) नाम :-

(ख) ठेगाना :-

**३. निर्माण व्यवसायको,-**

(क) दर्ता नं. :-

(ख) दर्ता मिति :-

**४. ईजाजतपत्रको,-**

(क) वर्ग :-

(ख) समूह :-

**५. इजाजतपत्र जारी गरेको शुरु मिति :-**

खण्ड ख

नवीकरण

| सि.नं. | निवीकरण भएको मिति | ईजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर बुझाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

खण्ड ग
कार्य अभिलेख विवरण

| सि.नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता बमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

खण्ड घ
निर्माण व्यवसायी कोषमा रकम बुझाएको विवरण

| सि. नं. | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का सम्झौता बमोजिम को रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्बन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची-४
(दफा ११को उपदफा २ सँग सम्बन्धित)
**ईजाजतपत्र नवीकरणको लागि दिईने दरखास्त**

श्री नगर प्रमुख ज्यू
कार्यान्वयन समिति
मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ ।

विषय : ईजाजतपत्र नवीकरण गरी पाऊभन्ने बारे ।

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,-**
(क) नाम :-
(ख) ठेगाना :-
(ग) पोष्ट बक्स :-
(घ) टेलिफोन नं. :-
(ङ) फ्याक्स नं. :-
(च) ईमेल :-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,-**
(क) नाम :-
(ख) ठेगाना :-

**३. निर्माण व्यवसायीको,-**
(क) प्रमाणपत्र नं. :-
(ख) दर्ता मिति :-

**४.** (क) ईजाजतपत्र नं. :-
(ख) ईजाजतपत्र जारी भएको मिति :-
(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :-

**५.** (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. :-
(ख) नवीकरण मिति :-

६. ईजाजतपत्र नवीकरण दस्तुर । थप दस्तुर बापत रु. ............................ अक्षरेपी ...................................... जम्मा गरेको ................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको
तर्फबाट दरखास्त दिनेको,-
नाम :-
पद :-
दस्तखत :-
मिति :

अनुसुची-५
(दफा १२ सँग सम्बन्धित)

**इजाजतपत्र दर्ता किताब**

| क.सं | इजाजतपत्रको | | | निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको | | इजाजतपत्र | | प्रमाणित गर्नेको हस्ताक्षर | | कैफि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसुची-६<br>(दफा १२ उपदफा १सँग सम्बन्धित)

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाँको चालु पुँजी देखाई घरेलु उद्योग तथा न.पा. उधोग विकास शाखामा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण** : सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण :**

(क) लेभल (एक थान)
(ख) वाटर पम्प (एक थान)
(ग) भाइब्रेटर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँदर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसुची - ७

(दफा १४ उपदफा (१) सँग सम्बन्धित)

**सार्वजनिक निर्माण कार्यको विवरण**

श्री नगर प्रमुख ज्यू
कार्यान्वयन समिति
मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ ।

विषय : निर्माण कार्य विवरण पेश गरेको ।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

**१. निर्माण व्यवसायीको,-**

(क) नाम :-
(ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**

**३. आयोजना । कार्यालयको,-**

(क) नाम :-
(ख) ठेगाना :-

**४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको,-**

(क) नाम :-
(ख) काम गरेको अवधि :-
(ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता नं. :-

**५. मुख्य जनशक्ति,-**

(क) प्राविधिक
(ख) अप्राविधिक

६. ठेक्का सम्पन्न भए बमोजिमको रकम..............................
७. ठेक्का सम्झौता बमोजिमको रकम रु. .............................

**८. भेरियसन भए नभएको भएको भए,-**

(क) बृद्धि भएको रकम रु. .................
(ख) कम भएको रकम रु. .................

**९. निर्माण कार्यको संक्षिप्त विवरण :-**

(क)
(ख)
(ग)
(घ)

**१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-**

११. ईजाजतपत्र नं.:-

छाप

दरखास्तवालाको,-
नाम :-
दस्तखत :-
मिति :-

अनुसुची-८
(दफा १४ उपदफा (३) सँग सम्बन्धित)

सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख

| सि.नं. | निर्माण व्यवसायीको नाम | ईजाजतपत्र नं. | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | आयोजना कार्यालयको नाम | कैफि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

अनुसुची - ९
(दफा १६  सँग सम्बन्धित)

**<u>सहुलियतमा पैठारी गरिएका सामानको विवरण</u>**

श्री नगर प्रमुख ज्यू
कार्यान्वयन समिति
मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ ।

विषय : विवरण पेश गरेको ।

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपालभित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

**१. निर्माण व्यवसायीको,-**

(क) नाम :-
(ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**
**३. ठेक्का सम्झौता नम्बर :-**
**४. सम्झौता अवधि :-**
**५. आयोजना । कार्यालयको,-**

(क) नाम :-
(ख) ठेगाना :-

**६. सहुलियतमा पैठारी गरिएको सामानहरुको विवरण :-**

| सि.नं. | विवरण | नमूना (मोडल) | क्षमता | निर्माण भएको साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको भंसार महशूल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको बील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु ।

यस दरखास्तमा उल्लिखित विवरण ठीक साँचो छ। झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

छाप

दरखास्तवालाको,-
नाम :-
दस्तखत :-
मिति :-

अनुसुची - १०

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | वार्षिक शुल्क दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर म्याद नाघेको ६ महिना वा बढी भएमा | ईजाजतप दस |
|---|---|---|---|---|---|---|
| १ | घ | रु.३०००।०० | रु.३०००।०० | रु.१०००।०० | रु.२०००।०० | रु.५० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरणपत्र थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ।

आज्ञाले,

नर बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत